नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

सूचना व्यवस्थापन शाखा

*सिंहदरवार, काठमाडौं*

*फोन: ४२११९०३, ४२११०७९*

प.स. २०७५/०७६

च.नं. छुट/११

मितिः-२०७६/०१/१९

**बिषय : छुट तथा पुनः जाँच सर्वेक्षण २०७५ सञ्चालन सम्बन्धमा ।**

श्री जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन),
नुवाकोट,धादिङग,काठमाण्डौं,सिन्धुली,गोरखा,रामेछाप,दोलखा,मकवानपुर,सिन्धुपाल्चोक,काभ्रेपलान्चोक,
ओखलढुङ्गा,ललितपुर,भक्तपुर,धनकुटा,पाल्पा,वाग्लुङग,कास्की,चितवन,लमजुङग,रसुवा ।
श्री जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार),
नवलपरासी,संखुवासभा,पर्वत,सोलुखुम्बु,खोटाङग,भोजपुर,तनहुँ,स्याङजा,गुल्मी,अर्घाखाँची,म्याग्दी ।

उपर्युक्त सम्बन्धमा छुट तथा पुनः जाँच सर्वेक्षण २०७५ अन्तर्गत स्थलगत संकलन कार्य २०७५ चैत्र १५ देखि शुरु गरेकोमा विशेष कारणवश कतिपय जिल्लाहरुमा उक्त समयदेखि स्थलगत लगत संकलनको कार्य शुरु हुन नसकेकाले तपशिल अनुसार कार्य गरी छुट तथा पुनः जाँच सर्वेक्षण २०७५ लाई उच्च प्राथमिकतामा राखी सर्वेक्षणको स्थलगत लगत संकलन कार्य सम्पन्न गर्नुहुन अनुरोध गरिन्छ ।

मनोहर घिमिरे
(उप सचिव )

**तपशिलः**

१. छुट तथा पुनः जाँच सर्वेक्षण २०७५ को स्थलगत लगत संकलन कार्यमा खटिएका प्राविधिकहरुलाई २०७६ वैशाख २० गते देखि अनिवार्य रुपमा सर्वेक्षणको कार्य प्रारम्भ गर्न लगाउने र संकलित विवरण केन्द्रीय सूचना प्रणालीमा तोकिए अनुसार पठाउन लगाउने ।

२. जिल्ला स्थित स्थानीय तहका प्रमुख/ अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतहरुको अभिमुखीकरण कार्यक्रम भएता पनि स्थानीय तहका वडाअध्यक्ष र वडा सचिवहरुले सर्वेक्षणको नीति, विधि र प्रक्रियाको बारेमा पर्याप्त जानकारी प्राप्त नगरेकाले सर्वेक्षण सम्बन्धी कार्य गर्नमा कठिनाई भएको भन्ने बुझिएकाले जिल्ला आयोजना कार्यान्वयन इकाईले हरेक जिल्लामा न्यूनतम दुई टोली बनाई प्रत्येक स्थानीय तहमा पुगी वडाअध्यक्ष र वडा सचिवहरुलाई २०७६ वैशाख मसान्त भित्र सर्वेक्षणको अभिमुखीकरण गराउने ।

३. स्थलगत लगत संकलन कार्य २०७६ वैशाख मसान्त भित्रमा सम्पन्न गर्ने गरी कार्यतालिका तय गरिएतापनि विशेष कारणवश तोकिएको समयमा कार्य शुरु नभएकाले २०७६ जेष्ठ मसान्त सम्ममा सर्वेक्षणको कार्य सम्पन्न गर्ने गरी कार्य गर्ने ।

४. स्थलगत लगत संकलनको कार्य तोकिएको तोकिएको विधि र प्रक्रिया अनुसार गर्ने र साप्ताहिक रुपमा कार्यप्रगति केन्द्रलाई जानकारी गराउने ।

५. छुट तथा पुनः जाँच सर्वेक्षणको वारेमा स्थानीय स्तरमा व्यापक प्रचार प्रसार गरी वास्तविक पीडितहरु सर्वेक्षणमा नछुट्न र गैर पीडितहरु सर्वेक्षणमा नपरुन् भन्ने सन्देश प्रवाह गर्ने ।

६. सर्वेक्षणको स्थलगत लगत संकलन कार्यको अनुगमन गरी सही ढंगले गुणस्तरीय कार्य भैरहेको कुरा सुनिश्चित गर्ने ।

**<u>अवगतार्थ तथा बोधार्थः</u>**

१.श्रीमान् प्रमुख कार्यकारी अधिकृतको सचिवालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौं ।

२.श्रीमान् सचिवज्यूको सचिवालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौं ।

३. श्री संयोजक, केन्द्रीय गुनासो व्यवस्थापन समिति, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौं ।

४ श्री महाशाखा प्रमुख, नीति अनुगमन, समन्वय तथा सामाजिक विकास शाखा, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौं ।

५.श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार),ज्वागल ,ललितपुर : <u>उपरोक्त अनुसार गराउनु हुन</u> ।

६.श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन), ववरमहल, काठमाण्डौं : <u>उपरोक्त अनुसार गराउनु हुन</u> ।